# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)

आ.व. : २०८२/०८३

प्रेस विज्ञप्ति नं. :३८९

मिति: २०८२/१२/०७ गते

ने.सं. ११४६

## प्रेस विज्ञप्ति

### लागु औषध खैरो हेरोईन १३७.४०० ग्राम र चरेस २ के.जि. ३०० ग्राम सहित ५ जना मानिस पक्राउ

- काठमाण्डौका स्कुल कलेज पढने बिद्यार्थीहरुलाई समेत लागु औषध चरेश बिक्री गर्दै आएकी भन्ने बिशेष सूचनाको आधारमा यस कार्यालयबाट खटिएको प्रहरी टोलीले मिति २०८२।१२।०५ गते जिल्ला ललितपुर ललितपुर महानगरपालिका वडा नं. १८ बाट जिल्ला मकवानपुर थाहा न.पा. ११ ठेगाना भएकी बर्ष ३८ की कल्पना तामाङलाई लागु औषध चरेस २ के.जि. ३०० ग्राम र डिजिटल तराजु १ थान सहित पक्राउ गरिएको।
- भारतबाट काठमाण्डौमा लागु औषध खैरो हेरोईन ल्याई बिक्री गर्दै आएको भन्ने बिशेष सूचनाको आधारमा यस कार्यालयबाट खटिएको प्रहरी टोलीले मिति २०८२।१२।०५ गते जिल्ला काठमाण्डौ, का.म.न.पा. १५ कारखानाचोकबाट, जिल्ला सिन्धुपाल्चोक, सुकोशी गा.पा. ५ ठेगाना भएका बर्ष ३१ को बिशाल श्रेष्ठ, ऐ.ऐ, चौतारा न.पा. ७ ठेगाना भएका बर्ष ३९ को अर्जुन थापा र जिल्ला काभ्रेपलान्चोक तेमाल गा.पा. ८ ठेगाना भएका बर्ष ३० को सागर तामाङ समेतलाई लागु औषध खैरो हेरोईन ३७ ग्राम ४०० मिलिग्राम र डिजिटल तराजु १ थान सहित पक्राउ गरिएको।

  साथै थप अनुसन्धानको सिलसिलामा निजहरुलाई लागु औषध खैरो हेरोईन बिक्री गर्ने देश भारत, राज्य बिहार जिल्ला अररिया फारबिसगंज १५ ठेगाना भएका भारतीय नागरिक बर्ष २५ को बिपुल बर्मा समेतलाई मिति २०८२।१२।०६ गते जिल्ला मोरङ, बिराटनगर म.न.पा. ११ बसपार्कबाट लागु औषध खैरो हेरोईन १०० ग्राम सहित पक्राउ गरि आवश्यक अनुसन्धान कार्वाहीको लागि जि.प्र.का. मोरङ बुझाईएको।

***पक्राउ परेका प्रतिवादीहरु उपर लागु औषध (नियन्त्रण) ऐन २०३३ बमोजिम अनुसन्धान भई रहेको।***







प्रहरी उपरीक्षक
(दुर्गा राज रेग्मी)
प्रवक्ता / सूचना अधिकारी